# पञ्चेश्वर गाउँपालिका

स्थानीय राजपत्र

## पञ्चेश्वर गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ९ संख्याः १ मितिः २०८३/०१/०५

## भाग-२

## पञ्चेश्वर गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम पञ्चेश्वर गाउँपालिकाको कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ । संवत २०८३ सालको कार्यविधि नं.१।

पोषणमैत्री लघु उद्योग विकास कार्यक्रम" सञ्चालन सम्बन्धि कार्यविधि, २०८२

“पोषणमैत्री लघु उद्योग बिकास कार्यक्रम” सञ्चालन सम्बन्धि कार्यबिधि, २०८२"

**गाउँकार्यपालिका बैठकबाट स्वीकृत मिति** : २०८२ चैत्र २७ गते

**प्रमाणीकरण भएको मिति** : २०८२ चैत्र २७ गते

**प्रस्तावना :** पञ्चेश्वर गाउँपालिकालाई राष्ट्रिय योजना आयोगबाट आर्थिक वर्ष २०८२/८३ का लागि प्राप्त बिशेष अनुदानमा पोषणमैत्री लघु उद्योग बिकास कार्यक्रम सञ्चालन कार्यलाई व्यवस्थित बनाउन बिधि र जिम्मेवारी समेत स्पष्ट गर्नु आवश्यक भएकाले उद्देश्य अनुरुपका गतिबिध, बजेट, समय र जिम्मेवारी समेत सुनिश्चित गर्न “पोषणमैत्री लघु उद्योग बिकास कार्यक्रम” सञ्चालन कार्यबिधि २०८२ तयार गरिएको छ ।

**१. संक्षिप्त जानकारी :**

**(क) सेवा प्रदायक निकायको नाम :** पञ्चेश्वर गाउँपालिका बैतडी ।

**ठेगाना** : पञ्चेश्वर गाउँकार्यपालिकाको कार्यालय, आम्चौरा बैतडी ।

**(ख) कार्यबिधिको नाम :** “पोषणमैत्री लघु उद्योग बिकास कार्यक्रम” सञ्चालन कार्यबिधि २०८२ ।

**(ग) मान्यअवधी :** २०८२ चैत्र २४ देखि २०८३ असार मसान्तसम्म ।

**(घ) कार्यक्षेत्र** : पञ्चेश्वर गाउँपालिकाभर ।

**(ङ) सेवाको प्रकृति** : पोषणसंग सम्बन्धित निर्माण, अध्ययन परामर्श, नीति, योजना, कार्यबिधि निर्माण, क्षमता बिकास, जनचेतनामूलक कार्यक्रम, खरीद र सन्दर्भ सामग्री तयार ।

**(च) बजेट** : १,५९,००,०००।

**(छ) स्रोत** : बिशेष अनुदान (राष्ट्रिय योजना आयोग) ।

**२. परिभाषा :** बिषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस कार्यबिधिमा,

(क) “कार्यबिधि” भन्नाले पञ्चेश्वर गाउँपालिकाले तयार गरेको “पोषणमैत्री लघु उद्योग बिकास कार्यक्रम” कार्यान्वयन कार्यबिधि २०८२ बुझिनेछ ।

(ख) “कार्यक्रम” भन्नाले “पोषणमैत्री लघु उद्योग बिकास कार्यक्रम” बुझिनेछ ।

(ग) “अनुदान” भन्नाले पञ्चेश्वर गाउँपालकिाले पोषणमैत्री लघु उद्योग बिकास कार्यक्रमका लागि समुदाय तहमा उपलब्ध गराउने नगद, जिन्सी वा प्राबिधिक सहयोग बुझिनेछ ।

(घ) “साझेदार” भन्नाले “पोषणमैत्री लघु उद्योग बिकास कार्यक्रम” कार्यान्वयनका लागि छनौट भएको गैरसरकारी संस्था बुझिनेछ ।

(ङ) “कार्यालय” भन्नाले पञ्चेश्वर गाउँकार्यपालिका कार्यालय बुझिनेछ ।

(च) “मापदण्ड” भन्नाले “पोषणमैत्री लघु उद्योग बिकास कार्यक्रम” कार्यान्वयन कार्यबिधि २०८२ ले निर्धारण गरेको मापदण्ड बुझिनेछ ।

“पोषणमैत्री लघु उद्योग बिकास कार्यक्रम” सञ्चालन सम्बन्धि कार्यबिधि २०८२

(छ) "प्रचलित कानून" भन्नाले नेपाल सरकार, प्रदेश सरकारले र पञ्चेश्वर गाउँपालिकाले जारी गरेको कानून बुझिनेछ ।

(ज) "सम्बन्धित निकाय" भन्नाले "पोषणमैत्री लघु उद्योग बिकास कार्यक्रम" कार्यान्वयन र यसको दीगोपनाका लागि भूमिका निर्वाह गर्न सक्ने कार्यालय, शाखा तथा सोका जिम्मेवार ब्यक्ति समेतलाई बुझाउनेछ ।

(झ) "लाभग्राही" भन्नाले "पोषणमैत्री लघु उद्योग बिकास कार्यक्रम" कार्यान्वयनबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा लाभ प्राप्त गर्ने ब्यक्ति, परिवार तथा समुदायलाई बुझाउनेछ ।

(ञ) "परामर्शदाता" भन्नाले पोषणमैत्री लघु उद्योग बिकास कार्यक्रम सञ्चालनका लागि योग्य भई छनौट भएको कम्पनि/संस्था/व्यक्तिलाई बुझाउनेछ ।

**कार्यक्रमको उद्देश्य :**

- पोषण तथा खाद्य उत्पादनमा आधारित उद्यमहरुको स्थापना र प्रबर्द्धनका लागि उत्पादनमा संलग्न साना किसान तथा उद्यमीहरुको क्षमता अभिबृद्धिमा सहयोग पुर्‍याउने ।
- ग्रामीण क्षेत्रका बिपन्न, न्युन आय भएका महिलाहरुलाई उद्यमहरुमा संलग्न गराई आयआर्जन र सशक्तिकरणको प्रक्रियामा सहयोग पुर्‍याउने ।
- पोषण सम्बन्धि जनचेतना अभिबृद्धिका लागि पोषणयुक्त खाना, सन्तुलित आहार, खोप सेवा र सरसफाई सम्बन्धि सूचना, सन्देश प्रवाह गरि लक्षित समुदायको आहारब्यवहारमा सकारात्मक परिवर्तन ल्याउने ।
- पोषणयुक्त एवं जवलवायुमैत्री खाद्यान्न, तरकारी फलफूल तथा खाद्यजन्य वस्तुको संरक्षण, प्रबर्द्धन र उपयोग सम्बन्धि सामुदायिक योजना बनाई पोषणयुक्त खाद्यवाली उत्पादनका योजनामा सहयोग पुर्‍याउने ।
- पोषण सम्बन्धि मापदण्ड र दीगो बिकास लक्ष्य तथा पञ्चेश्वर गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनमा योगदान पुग्नेगरि स्वास्थ्य शाखा एवं सो अर्न्तगत रहेका कार्यालय सवलीकरण र स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता बिकासमा सहयोग पुर्‍याउने ।

**३. मुख्य क्रियाकलाप :**

**क. प्रारम्भिक छलफल, योजना तर्जुमा तथा समीक्षा :**

**उद्देश्य** : पोषणमैत्री लघु उद्योग बिकास कार्यक्रमको सोच, लक्ष्य, उद्देश्य र त्यसको प्रभावका बिषयमा बिस्तृत बिवरण तयार गरि पालिका तहमा जानकारी गराउने । आवधिक रुपमा सिकाई अदान प्रदान गर्ने । अन्तिम प्रगति समीक्षा गरि प्रतिबेदन निर्माण गर्ने ।

| क.सं. | क्रियाकलाप | कार्यान्वयन प्रक्रिया |
|---|---|---|
| १ | कार्यक्रम कार्यान्वयन योजना तर्जुमा गोष्ठी (२ दिन ३० जना ) | गाउँपालिका जनप्रतिनीधि, प्रमुख प्रशासकीय अधिकृत र स्वास्थ्य, पोषण, उद्यम, शिक्षा, योजना, प्राबिधिक, शाखाको टीम बसी पालिका स्तरीय छलफल हुनु अघि तयारी गर्ने । यस कार्यक्रमको बिस्तृत योजना निर्माण गर्ने । |
| २ | पालिका स्तरीय अभिमुखीकरण (१ दिन ५० जना) | कार्यक्रम बिस्तृत योजना पश्चात पालिका स्तरीय अभिमुखीकरण कार्यक्रमको आयोजना गरि यस कार्यक्रमको सोच, लक्ष्य, उद्देश्य, प्रभाव र उपयोग हुने बजेट बिवरण समेत प्रस्तुत गर्ने । योजना कार्यान्वयनको लागि सुझाव लिने । समय, मिति, स्थान सहितको कार्ययोजना सार्वजनिक गर्ने । |
| ३ | मध्यावधिक समीक्षा | कार्यक्रम सञ्चालनको बीचमा यसको प्रभाव, चुनौती आँकलन गर्न र कार्यान्वयन प्रक्रियामा प्रभावकारीता ल्याउन स्थानीय जनप्रतिनीधि र योजना कार्यान्वयनमा संलग्न टीम बसी सिकाई आदान प्रदान गर्ने । आवश्यक भए कार्यतालिका सुधार एवं परिमार्जन गर्ने । |

| | | |
|---|---|---|
| ४ | प्रगति समीक्षा तथा प्रतिबेदन निर्माण (३ दिन २० जना) | कार्यक्रम सम्पन्न भएपछि यसको खर्च बिवरण र प्रगति प्रतिबेदन तयार गर्न योजना कार्यान्वयन तथा अनुगमन कार्यमा संलग्न टीम बसी आवश्यक दस्तावेज तयार गर्ने । समयभित्रै सबै कागजपत्र पेश गर्ने । |

## ख. पोषणमैत्री लघु उद्यम बिकास सम्बन्धि तालिम

**उद्देश्य :** परम्परागत खाद्य उत्पादन र त्यसले पोषण क्षेत्रमा गर्ने योगदान सम्बन्धि ज्ञान सीप बढाउन तथा त्यसलाई उद्यमको रुपमा बिकास गरि आयबृद्धिका क्षेत्रमा समेत योगदान पुर्‍याउन उत्पादक किसानहरुको क्षमता बिकास गर्ने । पोषणमैत्री खाद्य उत्पादन कार्यलाई प्रोत्साहन गर्न स्वास्थ्यकर्मि एवं स्वास्थ्य स्वयंसेविकाहरुको भूमिका बढाउने ।

| क.सं. | क्रियाकलाप | कार्यान्वयन प्रक्रिया |
|---|---|---|
| १ | किसानहरुलाई वडास्तरीय तालिम (६ वटै वडा ६० जनाका दरले सहभागि ३ दिन) | पोषणयुक्त खाद्य उत्पादन, प्रशोधन, सुरक्षित भण्डारण र जैविक खेती सम्बन्धि ज्ञान सीप बढाउन ३ दिनको तालिम आयोजना गर्ने ।<br>पोषणयुक्त, खाद्य उत्पादन र पोषणको व्यवहारिक अभ्यास तथा उपकरणहरुको प्रयोग, उत्पादनको गुणस्तर नियन्त्रण र नवीनतम् प्रबिधिको प्रयोग सम्बन्धि पनि जानकारी गराउने ।<br>तालिम सामग्री सहित स्वास्थ्य, पोषण, बन, कृषि, जस्ता क्षेत्रमा अनुभव भएका बिज्ञ सहजकर्ता वा कर्मचारीहरुबाट सहजीकरण गराउने । तालिम ६ वटै वडामा गर्ने । प्रत्येक वडाको तालिममा ६० जनाका दरले उत्पादन कार्यमा संलग्न किसानहरुलाई सहभागि गराउने । तालिमका सहभागि छनौट गर्दा सकेसम्म महिला पुरुष बराबर हुने गरि छनौट गर्ने । |
| २ | स्वास्थ्य स्वयंसेविकाहरुलाई तालिम (१ दिन) | पञ्चेश्वर गाउँपालिकामा कार्यरत रहेका ५८ जना स्वास्थ्य स्वयंसेविका र यस क्षेत्रमा सहयोग गर्ने अन्य ७ जना गरि ६५ जना सहभागि रहने गरि पालिका स्तरमा १ दिनको तालिम आयोजना गर्ने । स्वास्थ्य र पोषण र स्थानीय खाद्यवाली तथा जैविक बिधिता सम्बन्धि बिज्ञ सहजकर्ता वा कर्मचारीबाट सहजीकरण गराउने । पोषण सम्बन्धि सन्दर्भ सामग्री समेत(पोषणझोला) स्वयंसेविकाहरुलाई उपलब्ध गराउने । |
| ३ | स्वास्थ्यकर्मिलाई तालिम (१ दिन) | पञ्चेश्वर गाउँपालिकामा कार्यरत रहेका ४८ जना स्वास्थ्यकर्मि र यस क्षेत्रमा सहयोग गर्ने अन्य ४ जना गरि ५२ जना सहभागि रहने गरि पालिका स्तरमा १ दिनको तालिम आयोजना गर्ने । स्वास्थ्य र पोषण र स्थानीय खाद्यवाली तथा जैविक बिधिता सम्बन्धि बिज्ञ सहजकर्ता वा कर्मचारीबाट सहजीकरण गराउने । पोषण सम्बन्धि सन्दर्भ सामग्री समेत(पोषणझोला) स्वास्थ्यकर्मिहरुलाई उपलब्ध गराउने । |

## ग. बित्तिय सहयोग कार्यक्रम :

**उद्देश्य :** कृषि, पशुपालन, फलफूल लगायत खाद्यवस्तु उत्पादनमा संलग्न किसान तथा ब्यवशायीहरुलाई उद्यमशीलतामा जोडी पोषणमैत्री खाद्य वस्तु उत्पादन र आयबृद्धिको कार्यमा सहयोग पुर्‍याउने । पोषणमैत्री सेवा प्रदानका लागि स्वस्थ्य संस्थाहरुको क्षमता बढाउने ।

| क.सं. | क्रियाकलाप | कार्यान्वयन प्रक्रिया |
|---|---|---|
| १ | परम्परागत अन्न, तरकारी, मह, दूध, घिउ, माछा, मासु, अण्डा तथा फलफूल उत्पादन गर्न चाहने किसानहरुलाई सहयोग | परम्परागत अन्न, तरकारी, मह, दूध, घिउ, माछा, मासु, अण्डा तथा फलफूल उत्पादन गरिरहेका र ब्यवशायिक रुपमा यस्ता उत्पादन बृद्धि गर्न चाहने किसानहरुको ब्यवशायिक योजना बनाई उद्यम सञ्चालन गर्न सहयोग गर्ने ।<br>यसका लागि उद्यमको बिधान निर्माण र दर्ता प्रक्रियामा सहयोग गर्ने । पोषणमैत्री खाद्य उत्पादन तथा प्रशोधनमा आधारित ब्यवशायको सम्भावना बिश्लेषण गर्ने । बजार बिश्लेषण गर्ने । ब्यवशायका लागि आवश्यक स्रोत, कृषि प्रबिधि र सीपको |

| | | |
|---|---|---|
| | । | बिश्लेषण गर्ने । खाद्य प्रशोधनका नवीनतम् प्रबिधिको बिषयमा बिश्लेषण गर्ने । उद्यमको योजना बनाउँदा जलवायुमैत्री, पोषणमैत्री र जैविक बिबिधतामा आधारित भएको सुनिश्चित गरि नमुनाको रुपमा प्रस्तुत गर्न सकिने योजना बनाउने । उपयोग गर्ने जस्ता बिषयमा ज्ञान सीप सिकाउने । |
| २ | पोषण सम्बन्धि चेकजाँच र परामर्शका लागि उपकरण ब्यवस्थापन । | यस पञ्चेश्वर गाउँपालिकामा रहेका ६ वटा स्वस्थ्य संस्थाबाट आमा बच्चाहरुलाई पोषण सम्बन्धि सेवा प्रदान गर्न र पोषणमैत्री खाद्यवस्तु उत्पादन तथा उपयोगका सम्बन्धमा प्रेरणा प्रदान गर्न पोषण सम्बन्धि चेकजाँच र परामर्शका लागि उपकरण खरीद तथा ब्यवस्थापन गर्ने । |
| ३ | सर्वोत्तम पिठो तयारी उद्योग निर्माण । | ६ वटै वडामा सर्बोत्तम पिठो निमार्ण उद्योग सञ्चालन गर्न सहयोग गर्ने । यसका लागि उद्योग सञ्चालन कार्यबिधि बनाई लागु गर्ने । यस्ता उद्योग सञ्चालन स्वास्थ्य संस्थासंगको समन्वयमा गर्ने । |

**घ. परामर्श र सल्लाह**

**उद्देश्य :** यस पोषणमैत्री लघु उद्योग बिकास कार्यक्रम अर्न्तगवत स्थानीय अवस्था अध्ययन र उद्यमशीलता बिकासका लागि मापदण्ड, कार्यबिधि निर्माण कार्यलाई गुणस्तरीय र बिधिसम्मत निर्माण गर्न बिषयबिज्ञ परिचालन गर्ने ।

| क.सं. | क्रियाकलाप | कार्यान्वयन प्रक्रिया |
|---|---|---|
| १ | पोषणको अवस्थाबारे अध्ययन गर्न समुदाय तहमा छलफल, भेटघाट, र पोषण प्रोफाईल निर्माण । | आधारभूत स्वास्थ्य र पोषण सम्बन्धि स्थानीय परिवेश बुझ्न प्रश्नावली निर्माण गरि फरक फरक भूगोल, भोगाई, उमेर, पेशा, जातीका ब्यक्तिहरुलाई भेटी अवस्था पहिचान गर्ने । सुझाव संकलन प्रक्रियामा महिला र पुरुष दुबैको समान सहभागिता हुने गरि भेटघाट छलफल गर्ने । यस क्षेत्रमा उत्पादन भईरहेका र पोषणका लागि उपयोगमा आउन सक्ने अन्न, तरकारी, फलफूल, जडीबुटीका बिषयमा अध्ययन गरि समस्या र सम्भावना समेतको पोषण प्रोफाईल तयार गर्ने । प्रतिबेदनमा स्थानीय तहले गर्नुपर्ने अभ्यास र त्यसका लागि आवश्यक हुने नीति मापदण्ड समेत समावेश गर्ने ।<br>यस कार्यलाई प्रभावकारी बनाउनका लागि परामर्शदाताको रुपमा बिषयबिज्ञ संस्था/कम्पनि वा ब्यक्ति/कर्मचारीलाई जिम्मेवारी दिने । |
| २ | पोषण सम्बन्धि सन्देशमूलक सामग्री प्रकाशन । | पोषण के हो ? पोषण अभावले बाबिालिका, महिला लगायत मानिसहरुमा के समस्या देखिन्छ ? पोषण सम्बन्धि समस्याले महिला, बालबालिका तथा अन्य मानिसहरुको बृद्धिबिकासमा कस्तो असर पर्छ ? पोषणमैत्री खाना के हो ? यसको उत्पादन र उपलब्धता कसरी हुन्छ । हाम्रो खानपानको तरिका र रैथाने बिउबिजन तथा उत्पादन प्रणालीले पोषणका क्षेत्रमा कस्तो योगदान गर्छ ? जलवायुमैत्री खेती, जैविक बिबिधता संरक्षणले पोषण क्षेत्रमा कसरी योगदान गर्छ ? स्थानीय तहमा पोषणमैत्री उत्पादन, उपयोग र उद्यमशीलताका के कस्ता सम्भावना छन ? स्थानीय तहले पोषणमैत्री पालिका निर्माण गर्न के कस्ता नीति अवलम्बन गर्नुपर्ला(नीतिको नमुना सहित) जस्ता बिषयमा शैक्षिक सामग्री निर्माण र प्रकाशन गर्ने ।<br>यस कार्यलाई प्रभावकारी बनाउनका लागि परामर्शदाताको रुपमा बिषयबिज्ञ संस्था/कम्पनि वा ब्यक्ति/कर्मचारीलाई जिम्मेवारी दिने । |
| ३ | कार्यबिधि निर्माण । | यस पञ्चेश्वर गाउँपालिकालाई पोषणमैत्री पालिका निर्माण गर्न निम्न कार्यबिधि र मापदण्ड निर्माण गर्ने ।<br>१. पोषणमैत्री पालिका निर्माणका मापदण्ड र कार्यबिधि ।<br>२. पोषणमैत्री उत्पादन बृद्धि र बजार ब्यवस्थापन सम्बन्धि कार्यबिधि ।<br>३. पोषणमैत्री कृषि उत्पादन र प्रबर्द्धनका लागि प्रबिधिको प्रयोग र नवीकनतम् अभ्यास सम्बन्धि कार्यबिधि ।<br>४. जैबिक बिबिधता संरक्षण तथा जीविकोपार्जन सम्बन्धि कार्यबिधि । |

| | | |
|---|---|---|
| | | ५. यस कार्यक्रम अर्न्तगत बित्तिय सहयोगमा सञ्चालन भएका उद्योग व्यवशाय व्यवस्थापन सम्बन्धि बिषयगत कार्यबिधिहरु । |

**ङ. पोषणमैत्री उत्पादन र बिक्री प्रवर्द्धन :**

**उद्देश्य :** पोषणमैत्री एवं रैथाने कृषि उत्पादनलाई प्रोत्साहन गर्न र स्थानीय उत्पादनको बजार प्रबर्द्धन मार्फत कृषिमा आधारि उद्यमशीलता बिकास र आयबृद्धिको प्रक्रियामा योगदान पुर्‍याउने ।

| क.सं. | क्रियाकलाप | कार्यान्वयन प्रक्रिया |
|---|---|---|
| १ | कृषि उपज संकलन तथा बिक्री केन्द्र निर्माण | पञ्चेश्वर गाउँपालिका वडा नं. ३ कुलाउँ, वडा न. ४ को शैलोडा र वडा नं. ५ को गणमेश्वरमा कृषि उपज संकलन तथा बिक्री केन्द्र निर्माण गर्ने ।<br>स्थानीय किसानहरुले उत्पादन गरेका अन्न, तरकारी, फलफूल, जडीबुटी तथा मसलाजन्य खाद्यवस्तुहरु सहज रुपले बजारमा पुर्‍याई बिक्री बितरणको ब्यवस्था मिलाउन प्राबिधिक सल्लाह अनुसार संरचना निर्माण गर्ने ।<br>यस संरचना निर्माणका लागि तोकिएको स्थानमा निशुल्क रुपमा जग्गा उपलब्ध गराउन सम्बन्धित क्षेत्रका बासिन्दालाई ७ दिनको म्याद दिई सूचित गरिनेछ । स्थानीय बासिन्दाबाट जग्गा उपलब्ध हुन नसक्ने अवस्था आएका गाउँपालिकाले वडा कार्यालयसंग समन्वय गरि उपयुक्त स्थान तोकी संरचना निर्माण गर्न सहजीकरण गर्न सक्नेछ । निर्माण कार्यका लागि गाउँपालिकाले अधिकारप्राप्त संस्था/कम्पनि/ब्यक्तिलाई जिम्मेवारी दिन सक्नेछ । |
| २ | रैथाने उत्पादन प्रबर्द्धन मेला | यस गाउँपालिका भित्र उत्पादन भईरहेका पोषणयुक्त खाद्यवस्तुको प्रचार प्रसार गर्न । स्थानीय किसानहरुमा भएको ज्ञान, सीपको प्रचार प्रसार गर्न र त्यसता स्थानीय खाद्यवस्तु खरीबिक्रीको वातावरण निर्माण गर्न एक दिवशीय मेलाको आयोजना गर्ने ।<br>उक्त मेलामा स्थानीय परम्परागत खाद्यवस्तुहरु प्रदर्शन गर्ने । स्थानीय उत्पादनको स्टल निर्माण गरि खरीदबिक्रीको वातावरण निर्माण गर्ने । परम्परागत खाद्यवस्तुको महत्व र यसले पोषण क्षेत्रमा पुर्‍याउने योगदानको चर्चा गर्ने ।<br>मेलाका लागि कम्तिमा एक महिना अघिदेखि स्थानीय सञ्चार माध्यम(एफएम रेडियो)बाट सूचना सन्देश प्रवाह गर्ने । सामाजिक सञ्जाल(फेसबुक, टिकटक) मार्फत प्रचार गर्ने । वडा कार्यालय, बिद्यालय मार्फत स्थानीय किसनाहरुलाई सूचना पुर्‍याउने ।<br>किसानहरुलाई खाद्यवस्तु ढुवानीका गाडीको ब्यवस्था गर्ने । मेलास्थलमा स्टल निर्माणका लागि सहयोग गर्ने । यस गाउँपालिका र छिमेकी पालिकाका जनप्रतिनीधि, राजनीतिकर्मि, सामाजिक अभियन्ता, कलाकार, सञ्चारकर्मिहरुलाई आमन्त्रण गरि मेलालाई ब्यवस्थित र प्रभावकारी बनाउने ।<br>मेला हुनु भन्दा एक हप्ता अगाडी नै मेलामा सहभागि हुने किसान र प्रदर्शन गरिने खाद्यवस्तुको बिवरण तयार पार्ने । रैथाने खाद्यवस्तु उत्पादनमा योगदान पुर्‍याईरहेका किसानलाई सम्मान गर्ने । मेलामा उपस्थित हुने किसान र उत्पादनको बिवरण आईसकेपछि सम्मानको प्रक्रिया तय गर्ने । |

**च. बजार पहुँच र नेटवर्किङ :**

**उद्देश्य :** रैथाने एवं परम्परागत खाद्यवस्तु उत्पादनमा लागेका किसान तथा उद्यमीहरुको आयबृद्धि र प्रोत्साहनका लागि स्थानीय ब्यापारीसंगको सहकार्य बढाउने । सहकारी मार्फत कृषिमा आधारित उद्यममा लगानीका लागि वातावरण निर्माण गर्ने ।

| क.सं. | क्रियाकलाप | कार्यान्वयन प्रक्रिया |
|---|---|---|
| १ | स्थानीय ब्यापारीसंग अर्न्तक्रिया । | स्थानीय उत्पादनको बजार प्रबर्द्धनका सन्दर्भमा ब्यापारीहरुसंग छलफल गरि रायपरामर्श लिने । साथै परम्परागत खाद्यवस्तुको बिक्री बितरणलाई पनि प्राथमिकता राख्न सुझाव दिने । उत्पादक किसान र ब्यापारी दुबै पक्षमा हितमा हुनेगरि स्थानीय तहको योजना, रणनीति निर्माण गर्न सुझाव संकलन गर्ने । स्थानीय उत्पादनको गुणस्तर, मुल्य, माग, |

| | | |
|---|---|---|
| | | आपुर्ति जस्ता बिषयमा छलफल गरि व्यवहारिक नीतिको आधार निर्माण गर्ने ।<br>यसको लागि ६ वटै वडामा १/१ दिने अर्न्तक्रिया आयोजना गरि छलफल गर्ने । वडा स्तरमा हुने छलफलमा ६० जना सहभागि गराउने । ब्यापारीहरुको संख्या हेरी यो संख्या कुनै वडामा बढी र कही कम हुन सक्नेछ । तर सकेसम्म सबै ब्यपारीहरुलाई अर्न्तक्रियामा सहभागि गराउने पहल गर्ने । |
| २ | सहकारीसंग छलफल (२ दिन ६० जना) । | सहकारी संस्था मार्फत सेयर सदस्यहरुमा गरि लगानी वा ऋणलाई कृषिमा आधारित उद्यममैत्री बनाउनका लागि सम्भावना, जोखिम पहिचान गर्ने । यसका लागि सहकारीको क्षमता अभिबृद्धि र सदस्यहरुमा सचेतनामूलक अभियानका उपायहरु खोज्ने । उत्पादक किसानहरुलाई सहकारीमा जोड्न, सहकारीको लगानी मार्फत उद्यमी किसान निर्माण गर्न तथा रैथाने कृषि उत्पादन एवं बजार प्रबर्द्धनमा सहकारीको भूमिका पहिचान गर्न सुझाव आदान प्रदान गर्ने ।<br>यसका लागि ६ वटै वडामा भएका सहकारीका पदाधिकारी, प्रबन्धक, बिषयगत समिति, उपसमितिका मुख्य ब्यक्ति समेत ६० जनाको सहभागितामा २ दिने छलफल आयोजना गर्ने । यो छलफल पालिका तहमा गर्ने । |

**छ. जनचेतना अभियान :**

**उद्देश्य :** पोषणको महत्व बुझाउनुका साथै पोषणयुक्त खाद्यवस्तुको उपयोग र ब्यवस्थापनका बिषयमा बिद्यालय लगायत सार्वजनिक क्षेत्र मार्फत सन्देश प्रवाह एवं सकानरात्मक अभ्यासको थालनी गर्ने ।

| क.सं. | क्रियाकलाप | कार्यान्वयन प्रक्रिया |
|---|---|---|
| १ | पोषण र शैक्षिक क्षेत्रको भूमिका सम्बन्धि वडा तहमा छलफल । | पञ्चेश्वर गाउँपालिकामा रहेका ३५ वटा बिद्यालय र २ वटा बालबिकास केन्द्र गरि ३७ बिद्यालयका ब्यवस्थापन पदाधिकारी, प्रधानाध्यापक, शिक्षक अभिभावक संघ पदाधिकारी, भान्से लगायतका प्रतिनीधिहरुको सहभागितामा वडा तहमा अर्न्तक्रिया आयोजना गरि सुझाव आदान प्रदान गर्ने । बिद्यालयमा खुवाईने खाजालाई स्थानीय खाद्यवस्तुमा आधारित बनाउन र पोषण मापदण्ड अनुसार खाजा तयार हुन सक्ने बिषयमा योजना निर्माण गर्ने । |
| २ | होडिङ बोर्ड निर्माण | पोषण के हो ? पोषणका लक्ष्यण के हुन ? कुपोषण भएमा बालबालिकाहरुमा कस्तो असर पर्छ ? यसबाट बच्न के गर्नुपर्छ र यसका स्थानीय सम्भावना के छन भन्ने सन्देश दिने चित्र भएको होडिङ बोड निर्माण गर्ने ।<br>३७ बिद्यालय, ६ स्वास्थ्य संस्था, ६ वडा कार्यालय र ३ सहकारी कार्यालय गरि ५२ स्थानमा राख्ने । |
| ३ | रेडियो सन्देश कार्यक्रम | स्वास्थ्य र पोषण सम्बन्धि स्थानीय भाषामा रेडियो सन्देश बनाई नजिकको र पञ्चेश्वर गाउँपालिका भित्र सबै ठाउँमा सुनिने एफएमबाट प्रसारण गर्ने । |
| ४ | पोषण कर्नर निर्माण | स्वास्थ्य शाखाले तयार गरेका मापदण्ड अनुसार पो्षण कर्नर निर्माण गरि ३७ बिद्यालय, ६ स्वास्थ्य संस्था, ६ वडा कार्यालय र १ गाउँपालिका कार्यालय गरि ५० स्थानमा राख्ने । |

**ज. समुदाय सहभागिता कार्यक्रम :**

**उद्देश्य :** पोषणसंग प्रत्यक्ष सम्बन्ध भएका सुनौला हजार दिनका महिलाहरुलाई राहत पुर्‍याउने । पञ्चेश्वरमा फरक फरक भोगाई, ज्ञान, अनुभव भएका ब्यक्तिहरुको धारणा लिई स्थानीय तहको नीति तथा योजना निर्माण कार्यलाई जनपक्षीय बनाउने योगदान पुर्‍याउने ।

| क.सं. | क्रियाकलाप | कार्यान्वयन प्रक्रिया |
|---|---|---|
| १ | सुनौला हजार दिनका आमाहरुलाई पोषणमाला | पञ्चेश्वर गाउँपालिका अर्न्तगत रहेका सुनौला हजार दिनका आमाहरुलाई पोषणमाला उपलब्ध गराउने । यसका लागि स्वास्थ्य तथा पोषण शाखामा भएको |

| | | |
|---|---|---|
| | बितरण । | सुनौला हजार दिनका आमाहरुको बिवरणलाई आधार बनाईनेछ । |
| २ | समुदाय र सरोकारवालहरुको धारणा लिनेगरि बृत्तचित्र निर्माण । | यस गाउँपालिका अन्र्तगत फरक फरक स्थान, पेशा, जाती, समुदाय, उमेर, लैगिकता र शारीरिक फरक क्षमता भएका ब्यक्ति तथा जनप्रतिनीधि, सेवा प्रदायक संस्था, सामाजिक अभियन्ताहरुसंग अर्न्तवाता गरि पञ्चेश्वर गाउँपालिकाको पोषण स्थिति, सम्भावना, स्थानीय तहले लिनुपर्ने नीति र त्यसले समुदायमा ल्याउने प्रभावको बिषयमा भिडियो तयार गर्ने । यसका लागि सम्बन्धितदक्षेत्रमा अनुभव भएका कमनि वा ब्यक्तिलाई जिम्मेवारी दिन सकिनेछ । |

**झ. सुपरिवेक्षण तथा अनुगमन**

**उद्देश्य :** पोषणमैत्री लघु उद्योग बिकास कार्यक्रमलाई उद्देश्यकेन्द्रित बनाई गुणस्तरीय सम्पन्न सम्पन्न गर्न जनप्रतिनीधि, बिषयगत शाखाका कर्मचारी लगायत जिम्मेवार ब्यक्तिहरुबाट अनुगमन तथा सुपरिवेक्षण गर्ने । साथै योजना कार्यान्वयन र दस्तावेजीकरण प्रक्रिया योगदान पुर्‍याउन सहजीकरण गर्ने ।

| क.सं. | क्रियाकलाप | कार्यान्वयन प्रक्रिया |
|---|---|---|
| १ | शाखागत कर्मचारी परिचालन । | पोषणमैत्री लघु उद्योग बिकास कार्यक्रमलाई छोटो अवधीमा गुणस्तरीय ढंगले सम्पन्न गर्न गाउँपालिका भि रहेका शाखाहरुलाई जिम्मेवारी दिई परिचालन गरिनेछ । यस क्रममा लाग्ने यातायात, खाना, वास खर्च यसै कार्यक्रमबाट भुक्तानी गरिनेछ । दैनिक भत्ता उपलब्ध गराउँदा अधिकृत तहलाई १६०० र सहायक तहलाई १२०० का दरले उपलब्ध गराईनेछ । |
| २ | जनप्रतिनीधिबाट अनुगमन तथा सहजीकरण | पोषणमैत्री लघु उद्योग बिकास कार्यक्रमलाई छोटो अवधीमा गुणस्तरीय ढंगले सम्पन्न गर्न स्थानीय जनप्रतिनीधिहरुबाट अनुगमन तथा सहजीकरण गराई योजना कार्यान्वयन तथा दस्तावेजीकरणमा सहयोग पुर्‍याउन आवश्यकता अनुसार भ्रमण, छलफल, बैठक, भेटघाट गरिनेछ । यस क्रममा लाग्ने यातायात, खाना, खाजा, वास, स्टेश्नरी, सञ्चार खर्च यसै कार्यक्रमबाट भुक्तानी गरिनेछ । दैनिक भत्ता उपलब्ध गराउँदा अध्यक्ष, उपाध्यक्षलाई १६०० र वडाध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्यहरुलाई १२०० का दरले उपलब्ध गराईनेछ । |
| ३ | प्रगति समीक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम । | कार्यक्रम सम्पन्न भएपश्चात गाउँपालिका तहमा जनप्रतिनीधि, शाखागत कर्मचारी र अन्य सरोकारवाला समेतको सहभागिता प्रगति समीक्षा गर्ने । सोही दिन कार्यक्रमको सार्वजनिक सुनुवाई समेत गरि खर्च बिवरण अनुमोदन गर्ने । |

**४. कार्यान्वियनकबा लागि जिम्मेवारी :**

| क.सं. | क्रियाकलाप | बजेट | जिम्मेवारी |
|---|---|---|---|
| १ | प्रारम्भिक छलफल, योजना तर्जुमा तथा समीक्षा । | 216150 | स्वास्थ्य शाखा |
| २ | पोषणमैत्री लघु उद्यम बिकास सम्बन्धि तालिम । | 2199750 | स्वास्थ्य शाखा |
| ३ | बित्तिय सहयोग कार्यक्रमं । | 6150000 | योजना शाखा र उद्यम शाखा |
| ४ | परामर्श र सल्लाह । | 925000 | योजना शाखा |
| ५ | पोषणमैत्री उत्पादन र बिक्रि प्रवर्द्धन । | 1885000 | प्राबिधिक शाखा |
| ६ | बजार पहुँच र नेटवर्किङ । | 688800 | उद्यम शाखा |
| ७ | जनचेतना अभियान । | 2017400 | शिक्षा शाखा |
| ८ | समुदाय सहभागिता कार्यक्रम । | 950000 | स्वास्थ्य शाखा |
| ९ | सुपरिवेक्षण तथा अनुगमन । | 867900 | योजना शाखा |
| **जम्मा** | | **15900000** | |

**५. खर्च भुक्तानी प्रक्रिया :**

(क) यस कार्यबिधि अनुसार कार्यक्रम सञ्चालन गर्नका लागि जिम्मेवार शाखाबाट मुख्य जिम्मेवारी तोकिएका कर्मचारीलाई कार्यतालिका र बजेट बिवरणका आधारमा पेश्की उपलब्ध गराईनेछ। पेश्की लिने कर्माचरीले कार्यक्रम सम्पन्न भएको ७ दिनभित्र कार्यक्रमको प्रतिबेदन सहित खर्च बिवरण पेश गर्नुपर्नेछ।

(ख) यस कार्यक्रम सञ्चालनको क्रममा पेश्की नलिई कार्यक्रम सञ्चालन गरेमा वा क्रियाकलाप अनुसार पेश्की फच्यौंट गर्न नसक्ने अवस्था भएमा कार्यक्रम सम्पन्न भएको दस्तावेज पेश गरेपछि सम्पूर्ण रकम एकैपटक भुक्तानी लिनदिन वा फच्यौंट गर्न सकिनेछ।

**६. कार्यक्रमको पारदर्शता र जनसहभागिता :** कार्यक्रमको पारदर्शिता र जनसहभागिताका लागि निम्न कार्य गर्नुपर्नेछ।

**(क) कार्यक्रमबारे समुदायमा जानकारी** : कार्यक्रम सञ्चालन गर्ने शाखाले यस कार्यक्रमको उदेश्य, क्रियाकलाप, बजेट र कार्यप्रक्रियाबारे कार्यक्रम सञ्चालन भएको सबै क्षेत्रमा जानकारी गराउनु पर्नेछ।

**(ख) सूचना पाटी राख्ने :** कार्यक्रम सञ्चालन गर्ने शाखाले कार्यक्रम सम्पन्न भएपछि खर्च बिवरण सहितको क्रियाकलाप उल्लेख गरि सबै वडा र सहयोग गरिएको टोलमा सूचना पाटी राख्नु पर्नेछ।

**(ग) सामाजिक लेखापरिक्षण गर्नुपर्ने** : कार्यक्रम कार्यक्रम सम्पन्न भएपछि स्थानीय जनप्रतिनीधि शाखागत कर्मचारी समेतको सहभागितामा सामाजिक लेखापरिक्षण गराई खर्च अनुमोदन गराउनु पर्नेछ।

**७. प्रचलित कानून बमोजिम हुने :** यस कार्यबिधिमा उल्लेख भए बाहेक अन्य कुनै परिस्थिति अनुकूल काम गर्नुपर्ने अवस्था आएमा त्यस्ता क्रियाकलापहरु नेपालको प्रचलित कानून बमोजिम हुनेछन।

पोषणमैत्री लघु उद्योग बिकास कार्यक्रम" सञ्चालन सम्बन्धि कार्यबिधि, २०८२

## अनुसूची १

## तालिम सहजीकरण र परामर्श सेवाका लागि विज्ञ /प्रशिक्षक सूचीकृत गर्ने सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मितिः .....................................

उपर्युक्त विषयमा, पञ्चेश्वर गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम बमोजिम् संघीय विशेष अनुदानबाट सञ्चालित **'पोषणमैत्री लघु उद्योग विकास कार्यक्रम'** गाउँ कार्यपालिकाबाट स्वीकृत **'पोषणमैत्री लघु उद्योग विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२'** अनुसार सञ्चालन हुने कार्यक्रम अर्न्तगत तालिमको सहजीकरण र परामर्श सेवाका लागि विज्ञ/प्रशिक्षक सूची तयार गर्नुपर्ने हुँदा ईच्छुक योग्य नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पञ्चेश्वर गाउँपालिका कार्यालय आम्चौरा बैतडी वा इमेल ठेगाना ito.pancheshwormun@gmail.com मा योग्यताका प्रमाणपत्र सहित आवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरीएको छ ।

### कार्य विवरण :

| क्र.सं. | क्रियाकलाप | उद्देश्य | आवश्यक योग्यता |
|---|---|---|---|
| १ | किसानहरुलाई तालिम | पोषणयुक्त खाद्य उत्पादन, प्रशोधन, सुरक्षित भण्डारण, जैविक खेती, पोषणका व्यवहारिक अभ्यास तथा उपकरणहरुको प्रयोग, उत्पादनको गुणस्तर नियन्त्रण र नवीनतम् प्रविधिको प्रयोग सम्बन्धीज्ञान सीप बढाउने । | स्वास्थ्य, वन, कृषि जस्ता बिषयमा प्रविणता प्रमाण पत्र तह वा स्नातक तह उत्तीर्ण गरी पोषण र उद्यमशीलताको क्षेत्रमा समेत कम्तिमा ५ वर्षको अनुभव भएको वा सो सरहको जिम्मेवारी लिई स्थानीय तहमा काम गरेको वा गरिरहेको । |
| २ | स्वास्थ्य स्वयंसेविकाहरुलाई तालिम | स्वास्थ्य, पोषण र स्थानीय खाद्यवाली तथा जैविक विविधता सम्बन्धीज्ञान सीप बढाउने । | |
| ३ | स्वास्थ्यकर्मीहरुलाई तालिम | स्वास्थ्य, पोषण र स्थानीय खाद्यवाली तथा जैविक विविधता सम्बन्धी ज्ञान सीप बढाउने । | |
| ४ | व्यवसायिक योजना निर्माण | परम्परागत अन्न, तरकारी, मह, दूध, घ्यू, माछा, मासु, अण्डा तथा फलफूल उत्पादन गरिरहेका र व्यवसायिक रुपमा यस्ता उत्पादन वृद्धि गर्न चाहने किसानहरुको व्यवसायिक योजना वनाई उद्यम सञ्चालन गर्न सहयोग गर्ने । | परम्परागत कृषि प्रणाली र उद्यमशीलताका क्षेत्रमा व्यवसायिक योजना बनाउन सक्ने सीप भएको वा स्थानीय तहमा सोही प्रकृतिको जिम्मेवारी लिई काम गरेको वा गरिरहेको । |
| ५ | पोषणको अवस्थाबारे अध्ययन गरी पोषण प्रोफाईल निर्माण । | आधारभूत स्वास्थ्य र पोषण सम्बन्धी स्थानीय परिवेश बिश्लेषण गरी समस्या र सम्भावना सहितको पोषण प्रोफाइल निर्माण गर्ने । | स्वास्थ्य, वन, कृषि जस्ता बिषयमा प्रविणता प्रमाण पत्र तह वा स्नातक तह उत्तीर्ण गरी पोषण, उद्यमशीलता र स्थानीय तहको नीति तथा योजना तर्जुमा प्रक्रियामा समेत योगदान गरेको कम्तिमा ५ वर्षको अनुभव वा सोही प्रकृतिको जिम्मेवारी लिई स्थानीय तहमा काम गरेको वा |
| ६ | पोषण सम्बन्धी सन्देशमूलक सामग्री प्रकाशन । | पोषण, यसको अभावले बालबालिका, महिला लगायत मानिसहरुमा पार्ने समस्या, पोषणमैत्री खाना र यसको उपलब्धता, खानपानको तरिका, रैथाने | |

| | | | |
|---|---|---|---|
| | | उत्पादन प्रणालीले पोषणका क्षेत्रमा गर्ने योगदान, स्थानीय तहमा पोषणमैत्री उत्पादन, उपयोग र उद्यमशीलताका सम्भावना, स्थानीय तहले पोषणमैत्री पालिका निर्माण गर्न अवलम्वन गर्नुपर्ने नीति सहितको शैक्षिक सामग्री निर्माण र प्रकाशन गर्ने । | गरिरहेको । |
| ७ | कार्यविधि निर्माण । | १. पोषणमैत्री पालिका निर्माणका मापदण्ड र कार्यविधि ।<br>२. पोषणमैत्री उत्पादन बृद्धि र बजार व्यवस्थापन सम्बन्धी कार्यविधि ।<br>३. पोषणमैत्री कृषि उत्पादन र प्रवर्द्धनका लागि प्रविधिको प्रयोग र नवीनतम् अभ्यास सम्बन्धी कार्यविधि ।<br>४. जैविक विविधता संरक्षण तथा जीविकोपार्जन सम्बन्धी कार्यविधि ।<br>५. यस कार्यक्रम अर्न्तगत वित्तीय सहयोगमा सञ्चालन भएका उद्योग व्यवसाय व्यवस्थापन सम्बन्धी बिषयगत कार्यविधिहरु । | |
| ८ | स्थानीय व्यापारीसंग अन्तर्क्रिया । | स्थानीय उत्पादनको बजार प्रवर्द्धनका सन्दर्भमा व्यापारीहरुसंग छलफल गरी राय परामर्श लिने, स्थानीय उत्पादनको गुणस्तर, मूल्य, माग, आपूर्ति जस्ता विषयमा छलफल गरी व्यवहारिक नीतिको आधार निर्माण गर्ने । | |
| ९ | सहकारीसंग छलफल | सहकारी संस्था मार्फत कृषिमा आधारित लगानी बढाउनका लागि सम्भावना र जोखिम पहिचान गर्ने, रैथाने कृषि उत्पादन एवं बजार प्रवर्द्धनमा सहकारीको भूमिका पहिचान गर्ने । | |
| १० | पोषण र शैक्षिक क्षेत्रको भूमिका सम्बन्धी वडा तहमा छलफल । | बिद्यालयमा खुवाईने खाजालाई स्थानीय खाद्यवस्तुमा आधारित बनाउन र पोषण मापदण्ड अनुसार खाजा तयार हुन सक्ने विषयमा योजना निर्माण गर्ने । | |
| ११ | समुदाय र सरोकारवालाहरुको धारणा लिने गरी वृत्तचित्र निर्माण । | पञ्चेश्वर गाउँपालिकाको पोषण स्थिति, सम्भावना, स्थानीय तहले लिनु पर्ने नीति र त्यसले समुदायमा ल्याउने प्रभावको बिषयमा भिडियो तयार गर्ने । | पञ्चेश्वर गाउँपालिकाको भूगोल, समुदाय, मूल्य मान्यता बुझेको र समुदाय तथा सरोकारवालासंग समन्वय गर्न सक्ने, वृत्तचित्र निर्माणका लागि आवश्यक हुने उपकरण र वैधता भएको । |

**<u>आवेदन साथ पेश गर्नु पर्ने कागजपत्रहरु:</u>**

१. विज्ञ सूचीमा दर्ताको लागि निवेदन,

२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
३. वैक्तिक विवरण,
४. शैक्षिक योग्यता र अनुभवका प्रमाणहरु,
५. स्थायी लेखा नं. ।

**आवेदन पेश गर्ने ठेगाना:**

पञ्चेश्वर गाउँपालिकाको कार्यालय, आम्चौरा, बैतडी वा इमेल
ito.pancheshwormun@gmail.com
थप जानकारीका लागि सम्पर्क नं. ९८४८७१८००५/९८४८८३२२५४

**नोटः** पञ्चेश्वर गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको हकमा सूचीकृत हुन आवेदन दिनु नपर्ने ।

..........................
प्रमुख प्रशासकीय अधिकृत

पोषणमैत्री लघु उद्योग बिकास कार्यक्रम" सञ्चालन सम्बन्धि कार्यबिधि, २०८२

**अनुसूची २**

## लाभग्राही छनौट सम्बन्धी सूचना सूचना सूचना।।।

प्रस्तुत बिषय सम्बन्धमा ,पंचेश्वर गाउँपालिकाको आ.व.२०८२।८३ को स्वीकृत कार्यक्रम बमोजिम **संघीय विशेष अनुदानबाट सञ्चालित "पोषणमैत्री लघु उद्योग विकास कार्यक्रम" गाउँकार्यपालिकावाट स्वीकृत पोषणमैत्री लघु उद्योग विकास कार्यक्रम संचालन कार्यविधी २०८२ ,अनुसार** सञ्चालन हुने कार्यक्रम अर्न्तगत "परम्परागत अन्नतथा फलफूल जस्ता ,अण्डा ,मासु ,माछा ,घिउ ,दुध ,मह ,तरकारी , हयोगपोषणयुक्त खाद्यवस्तु उत्पादन गर्न चाहने किसानलाई स" क्रियाकलाप अन्तरगत कृषि, पशुपालन, फलफूल तथा खाद्यवस्तु उत्पादन तथा प्रशोधनमा संलग्न हुन इच्छुक कृषकव्यवसायीहरूलाई/ पोषणमैत्रि लघु उद्यम स्थापनार्थ प्रोत्साहन गर्न वित्तीय सहयोग अनुदान कार्यक्रम सञ्चालन गरिने भएकोले यो सूचना प्रकाशन भएको मितिले ७ औं दिनको कार्यालय समयभित्र यस कार्यालय वा सम्बन्धित वडा कार्यालयहरुमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैलाई अनुरोध गरिन्छ।

| क्र.स. | क्रियाकलापको नाम | लाभग्राही संख्या | स्वीकृत रकम | प्रति लाभग्राही प्राप्त हुने अनुदान | कार्यक्रम लागु हुने क्षेत्र/स्थान |
|---|---|---|---|---|---|
| १ | वित्तिय सहयोग कार्यक्रम | ९० (जना) | ४५०००,००,।- | ५००००,।- पचास हजार ) (मात्र | सम्पुर्ण वडाहरू |

**<u>आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू</u>**

- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपिथान। १-
- सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र थान। १-
- व्यवसायउद्यम सम्बन्धी संक्षिप्त/ व्यवसायिक योजना -१ थान।
- फोटो २ प्रति।
- समूह सहकारी व्यवसायी भए दर्ता प्रमाणपत्रको प्रतिलिपि/नविकरण गरेको प्रतिलिपि/स्थायी लेखा नम्वर/ कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि/१-१ थान।
- यस्तै प्रकृतिको कार्यका लागि विगत दुई वर्षदेखि अनुदान नलएको स्वथान। १-घोषणा पत्र-

**लाभग्राही छनौटका आधारहरु**

- पंचेश्वर गाउँपालिका भित्र स्थायी बसोबास गरेको नेपाली नागरिक हुनु पर्ने।
- कृषि, पशुपालन, फलफूल, खाद्य प्रशोधन वा सम्बन्धित उद्यम सञ्चालन गर्न इच्छुक वा संलग्न भएको हुनु पर्ने।
- विपन्न, महिला, दलित, जनजाति, महिला स्वयमंसेविका मशील सोच भएकाउद्य ,महिला समूह , तथा लक्षित वर्गलाई प्राथमिकता दिइने।
- कृषि समूहसहकारी मार्फत आवेदन दिने भए थप प्राथमिकता। /

**नोटः लाभग्राहीले व्यवसायिक योजना निर्माण आफैले गर्न नसकेमा यस कार्यालयको उद्यम विकास शाखाको समन्वय/परामर्शदाताबाट बनाउन सकिनेछ।**

पोषणमैत्री लघु उद्योग विकास कार्यक्रम" सञ्चालन सम्बन्धि कार्यबिधि, २०८२

**अनुसूची ३**

## पोषणमैत्री लघु उद्योग विकास कार्यक्रम अन्तरगत वित्तिय सहयोग कार्यक्रम

सेवाग्राही आवेदन फाराम

१ :आवेदकको नाम ......................................................................................................................

२वडा नं :ठेगाना ........., टोल..............................., फोन नं.................................................................

